Regd. No.: 1229/066/67

S. No. 0621563

MEGA BANK NEPAL LIMITED
मेगा बैंक नेपाल लिमिटेड
"A" Class Institution Licensed By Nepal Rastra Bank

मिति: २०७९/०९/१७

नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरवार प्लाजा, काठमाण्डौ

बिषय: बाह्रौं बार्षिक साधारण सभाको निर्णय पठाईएको वारे।

महोदय,

उपरोक्त सम्वन्धमा मिति २०७९ पौष ०७ गते यस बैंकको बाह्रौं वार्षिक साधारण सभा राष्ट्रिय सभागृह, प्रदर्शनी मार्ग, काठमाडौंमा सम्पन्न भएको यस बैंकको बाह्रौं बार्षिक साधारण सभाको निर्णय (माईन्युट) यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा अनुरोध छ।

भवदीय,

..........................

तुल्सीराम पोखरेल

का.मु.प्रमुख कार्यकारी अधिकृत

Rising Mall, Kamaladi, Kathmandu, Nepal | Tel: 01-4169217 | Fax: +977-1-4169215 | P.O. Box: 26559
e-mail: info@megabank.com.np | www.megabanknepal.com

**मेगा बैंक नेपाल लिमिटेडको**
**बाह्रौं वार्षिक साधारण सभाको विवरण (माइन्यूट)**

१. **वैधानिक सभा:**

मेगा बैंक नेपाल लिमिटेडको मिति २०७९ साल मंसिर १४ गते बसेको सञ्चालक समितिको ३७७ औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ तथा बैंकको प्रबन्धपत्र र नियमावली बमोजिम बैंकको बाह्रौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री भोजबहादुर शाहज्यूको सभापतित्वमा देहाय बमोजिम सम्पन्न भयो ।

२. **सभाको मिति, समय र स्थान:**

२.१ मिति : २०७९ साल पौष ७ गते, विहिवार (तदनुसार 22nd December 2022)
२.२ समय : विहान १०:०० बजे ।
२.३ स्थान : राष्ट्रिय सभागृह, प्रदर्शनी मार्ग, काठमाडौं ।

३. **सभाको सूचना सम्बन्धी जानकारी:**

बाह्रौं वार्षिक साधारण सभा हुने मिति, समय, स्थान र छलफल हुने विषयहरु सहितका विवरण खुलाई कम्पनी ऐन २०६३ को दफा ६७ (२) तथा बैंकको नियमावलीको नियम १८ (३) बमोजिम कम्तीमा २१ दिन अगावै शेयरधनीहरुलाई सभा हुने ठाँउ, मिति र साधारण सभामा पेश गर्नुपर्ने तथा निर्णय गर्नुपर्ने विषयवस्तुहरु उल्लेख गरी मिति २०७९ साल मंसिर १५ गते अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिकमा र २०७९ साल मंसिर १६ गते कारोबार राष्ट्रिय दैनिकमा पुरा पृष्ठ सूचना प्रकाशित गरी सबै शेयरधनीहरुलाई जानकारी गराइएको कम्पनी सचिवले जानकारी दिनु भयो ।

कम्पनी ऐनले गरेको व्यवस्थाको अधिनमा रही साधारण सभाको सूचना तथा सभामा पेश गर्नुपर्ने तथा निर्णय गर्नुपर्ने विषयबस्तु समेत उल्लेख भएको बैंकको बाह्रौं वार्षिक प्रतिवेदन विद्युतीय सञ्चारमाध्यम बैंकको Website www.megabanknepal.com मा राखिनुका साथै बैंकको अभिलेखमा रहेको शेयरधनीहरुको ईमेल ठेगानामा पनि पठाईएको छ ।

बैंकका शेयरधनीहरुको संख्या २ लाख भन्दा बढी रहेको, शेयरधनीहरुको सञ्जाल मुलुक भरी तथा मुलुक बाहिर समेत छरिएर रहेको र सोही अनुपातमा बैंकको वार्षिक प्रतिवेदन तथा संक्षिप्त आर्थिक विवरणहरु प्रकाशित गरी निर्धारित समयावधिभित्र शेयरधनीमहानुभावहरु समक्ष उपलब्ध गराउन व्यवहारिक रुपमा सहज नभएको अवस्था समेतलाई मध्येनजर गरी बैंकले कम्पनी ऐन, २०६३ को दफा ८४ को उपदफा (४) र (५) बमोजिम बैंकको संक्षिप्त वार्षिक आर्थिक विवरणहरु शेयरधनी महानुभावहरुको जानकारीको लागि मिति २०७९ साल मंसिर १५ गते अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिकमा र २०७९ साल मंसिर १६ गते कारोबार राष्ट्रिय दैनिकमा पुरा पृष्ठ प्रकाशित गरी शेयरधनीहरुलाई जानकारी गराईएको व्यहोरा समेत कम्पनी सचिवले जानकारी दिनु भयो ।

४. **सभाको विषय सूची :**

**४.१ छलफल तथा निर्णयका लागि निर्धारित विषय सूची :**

*क) सामान्य प्रस्ताव :*

१. अध्यक्षज्यूको मन्तव्य सहित सञ्चालक समितिको वार्षिक प्रतिवेदन २०७८/७९ पारित गर्ने ।

२. मेगा बैंक नेपाल लिमिटेडको आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षकको प्रतिवेदन सहित बैंकको मिति २०७९ आषाढ ३२ गतेको एकीकृत वित्तीय अवस्थाको विवरण (वासलात), मिति २०७८ श्रावण १ गते देखि मिति २०७९ आषाढ ३२ गते सम्मको एकीकृत नाफा नोक्सान विवरण, एकीकृत अन्य विस्तृत आम्दानीको विवरण, एकीकृत नगद प्रवाह विवरण, एकीकृत ईक्विटीमा भएको परिवर्तनको विवरण, प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु, वित्तीय विवरणको अनुसूचीहरु र उद्घोषण तथा अतिरिक्त विवरणहरु सहितको लेखापरीक्षण गरिएको आर्थिक वर्ष २०७८/७९ को वार्षिक वित्तीय विवरणहरु (सहायक कम्पनी मेगा क्यापिटल मार्केट्स लिमिटेड समेतको) उपर छलफल गरि पारित गर्ने ।

३. नगद लाभांशका लागि नेपाल राष्ट्र बैंकबाट स्वीकृत भई आएको रकम रु. ६१,०२,४३,२८०।६६ (अक्षेरुपी एकसट्ठी करोड दुई लाख त्रिचालिस हजार दुई सय असी रुपैया र छैसट्ठी पैसा मात्र) बैंकको हाल कायम चुक्ता पूँजी रु.१६,१२,०४,६१,४५३/३६ ( अक्षेरुपी सोह्र अर्ब बाह्र करोड चार लाख एकसट्ठी हजार चार सय त्रिपन्न रुपैया छत्तिस पैसा मात्र) को ३.७९% (राउनडिङ्गमा) ले हुन आउने नगद लाभांश स्वीकृत गर्ने ।

४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७९/८० को लागि बैंकको लेखापरीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गर्ने (बर्तमान लेखापरिक्षक एन बि एस एम एण्ड एसोसिएट्स पुनः नियूक्तिको लागि योग्य रहेको) ।

५. सञ्चालकहरुको कार्यकाल मिति २०७९/०३/३० गते सम्म रहेकोमा नेपाल राष्ट्र बैंकको स्वीकृती वमोजिम प्रचलित ऐन नियम तथा बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने (मर्जर) तथा प्राप्ती (एक्विजिसन) सम्बन्धी नियमावली २०७३ को अधिनमा रहि संचालकहरुको कार्य अवधि गाभिएर वा प्राप्ति एक्विजिसन पश्चात् प्रचलित कानुन वमोजिम पुनः निर्वाचन नभए सम्म अवधिको लागि थप गर्न स्वीकृत प्रदान गरिएकोले उक्त विषय अनुमोदन गर्ने ।

*ख) विशेष प्रस्ताव :*

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पुँजी रु.१६,१२,०४,६१,४५३/३६ ( अक्षेरुपी सोह्र अर्ब बाह्र करोड चार लाख एकसट्ठी हजार चार सय त्रिपन्न रुपैया छत्तिस पैसा मात्र) को ४.००% प्रतिशतले हुन आउने रकम रु. ६४,४८,१८,४५८।१३ (अक्षेरुपी चौसट्ठी करोड अड्चालिस लाख अठार हजार चार सय अन्ठाउन्न रुपैया तेह्र पैसा मात्र ) वोनस शेयर जारी गर्न स्वीकृती प्रदान गर्ने र बोनस शेयर जारी गरे पश्चात कायम हुने भिन्न अंक (Fraction) लाई भविष्यमा समायोजन गर्ने गरी यथावत राख्ने ।

२. मेगा बैंक नेपाल लिमिटेड र नेपाल ईन्भेष्टमेन्ट बैंक लिमिटेड एक आपसमा गाभ्ने/गाभिने ( मर्जर ) प्रयोजनको लागि मुल्यांकनकर्ता PKF TR Upadhya & Co. बाट प्राप्त दुबै संस्थाको सम्पत्ति, दायित्व तथा कारोबारको मुल्यांकन प्रतिवेदन (Due Diligence Audit Report) तथा अन्य सम्वद्ध व्यवस्था समेतका आधारमा संयुक्त मर्जर समितिको सिफारीसमा यस बैंकको सञ्चालक समितिले स्वीकृत गरे बमोजिम यस मेगा बैंक नेपाल लिमिटेडको १०० कित्ता शेयर बराबर यस बैंकका शेयरधनीहरुलाई मर्जर पछि बन्ने बैंकको ९० कित्ता शेयर प्राप्त हुने गरी शेयर आदान प्रदान अनुपात (१००:९०) मा एक आपसमा गाभ्ने/गाभिने (मर्जर) कार्यलाई अन्तिम स्वीकृती प्रदान गर्न विशेष प्रस्ताव पारित गर्ने ।

३. मेगा बैंक नेपाल लिमिटेड र नेपाल ईन्भेष्टमेन्ट बैंक लिमिटेड एक आपसमा गाभ्ने /गाभिने ( मर्जर ) सम्वन्धमा भएको सम्पत्ति तथा दायित्वको मुल्यांकनकर्ताको नियुक्ति र निजलाई भुक्तानी गरिएको पारिश्रमीक, सम्पत्ति, दायित्व तथा कारोबारको मुल्यांकन प्रतिवेदन (Due Diligence of Audit Report), समझदारीपत्र (Memorandum of Understanding), तथा अन्तिम सम्झौता पत्र (Final Scheme of Arrangement) लगायतका सम्पूर्ण काम कारबाहीहरुलाई अनुमोदन गर्ने ।

४. विशेष प्रस्ताव १ बमोजिम वोनस शेयर जारी गरे पश्चात बैंकको पूँजी बृद्धि हुने भएकोले सोही बमोजिम बैंकको प्रवन्धपत्र/ नियमावली संशोधनको प्रस्तावलाई स्वीकृति प्रदान गर्ने ।

५. मेगा बैंक नेपाल लिमिटेड र नेपाल ईन्भेष्टमेन्ट बैंक लिमिटेड एक आपसमा गाभ्ने/ गाभिने ( मर्जर ) गर्ने प्रक्रियामा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, धितोपत्र बोर्ड लगायतका नियमनकारी निकायहरुबाट स्वीकृति लिने/अभिलेख गर्ने क्रममा भए गरेका काम कारवाही वा पुँजी संरचना वा प्रबन्धपत्र नियमावलीको संशोधनको सम्बन्धमा नियमनकारी निकायहरुबाट संशोधन, परिमार्जन तथा थपघट गर्न कुनै निर्देशन प्राप्त भएमा प्राप्त निर्देशन बमोजिम मिलाई संशोधन वा परिमार्जन समेतका सम्पूर्ण कार्यहरु गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

ग) विविध :

५. उपस्थिति:

५.१ सञ्चालकहरू (कम्पनी ऐन, २०६३ को दफा ६८) :

| | | |
|---|---|---|
| (क) श्री भोजबहादुर शाह | - | अध्यक्ष |
| (ख) श्री गोपाल खनाल | - | सञ्चालक |
| (ग) श्री मदन कुमार आचार्य | - | सञ्चालक |

| | | |
|---|---|---|
| (घ) श्री मुक्तिराम पाण्डे | - | सञ्चालक |
| (ङ) डा. इन्द्र बहादुर मल्ल ठकुरी | - | सञ्चालक |
| (च) श्री बालकृष्ण शिवाकोटी | - | सञ्चालक |
| (छ) श्रीमती शिवा देवी काफ्ले | - | सञ्चालक (बिदामा-देश बाहिर) |

**५.२ पदाधिकारीहरुको उपस्थिति:**

(क) श्री रविना देशराज श्रेष्ठ - का.मु. प्रमुख कार्यकारी अधिकृत, मेगा बैंक नेपाल लिमिटेड ।
(ख) श्री तुल्सीराम पोखरेल - बरिष्ठ नायव महाप्रवन्धक/कम्पनी सचिव, मेगा बैंक नेपाल लिमिटेड ।
(ग) श्री अमित श्रेष्ठ - नायब महाप्रबन्धक, मेगा बैंक नेपाल लिमिटेड ।
(घ) श्री प्रज्ञा पाण्डे - नायब महाप्रबन्धक, मेगा बैंक नेपाल लिमिटेड ।
(ङ) श्री राजेश शर्मा - नायब महाप्रबन्धक, मेगा बैंक नेपाल लिमिटेड ।
(च) श्री छविन्द्र नाथ शर्मा - सहायक महाप्रबन्धक, मेगा बैंक नेपाल लिमिटेड ।
(छ) श्री राजेन्द्र सुवेदी - सहायक महाप्रबन्धक, मेगा बैंक नेपाल लिमिटेड ।
(ज) श्री रमेश खड्का - सहायक महाप्रबन्धक, मेगा बैंक नेपाल लिमिटेड ।
(झ) श्री निर्मल श्रेष्ठ - प्रमुख, वित्त तथा योजना विभाग, मेगा बैंक नेपाल लिमिटेड ।
(ञ) श्री प्रविण पौडेल - प्रमुख, कानुन विभाग, मेगा बैंक नेपाल लिमिटेड ।

**५.३ आमन्त्रित:**

१.श्री सुलभ श्रेष्ठ - कायम मुकायम प्रमुख कार्यकारी अधिकृत, मेगा क्यापिटल मार्केट्स लिमिटेड ।
२.श्री नील बहादुर शारु - पार्टनर, एन बि. एस.एम एण्ड एसोसीएट्स, लेखा परिक्षक ।

**५.४ शेयरधनीहरुको उपस्थिति (कम्पनी ऐन २०६३ को दफा ७३ बमोजिम):**

बैंकको हाल कायम कुल चुक्ता पुंजी रु.१६,१२,०४,६१,४५३/३६ ( अक्षेरुपी सोह्र अर्ब बाह्र करोड चार लाख एकसट्ठी हजार चार सय त्रिपन्न रुपैंया छत्तिस पैसा मात्र) को रु.१०० अंकित दरका १६,१२,०४,६१४/५३ कित्ता शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीहरु :

क) स्वयंको उपस्थिति १,३७५ जना (शेयर संख्या २,२५,०७,४४८ कित्ता) १३.९६ प्रतिशत

(ख) प्रतिनिधि मार्फत उपस्थिति २८४७ जना (शेयर संख्या ७,३५,९५,८०७ कित्ता) ४५.६५ प्रतिशत

(ग) जम्मा शेयर संख्याको प्रतिनिधित्व ४,२२२ जना ९,२७,९२,४६४ कित्ता, ५९.६१ प्रतिशत

सभामा उपस्थित सबै शेयरधनी महानुभावहरू मतदान गर्न योग्य रहेको ।

**६.सभाको वैधानिकता र गणपुरक संख्या:**

६.१ साधारण सभा शुरू हुनु अघि कम्पनी सचिवले सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरूलाई बैंकको तर्फबाट स्वागत गर्नु हुँदै कम्पनी ऐन र बैंकको प्रबन्धपत्र, नियमावली तथा प्रचलित नेपाल कानून बमोजिम बैंकको बाह्रौं वार्षिक साधारण सभा बोलाइएको र कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरूप सभाको लागि आवश्यक गणपुरक संख्या पुगेको जानकारी सभालाई दिनुभयो ।

६.२ तत्पश्चात् कम्पनी ऐन २०६३ को दफा ७३ अनुसार गणपुरक संख्या पुगेको सभाले सभा सञ्चालन गर्न मञ्जुर गर्दै पूर्व सूचित सभाको निर्धारित विषयसूचीको क्रमानुसार जान र तत्सम्बन्धमा प्रचलित ऐन बमोजिम कारवाही अगाडि बढाउन सहमति दियो ।

**७. सभाको सभापतित्व:**

MEGA BANK NEPAL LIMITED

कम्पनी सचिव

सभाको वैधानिकता पूरा भएपछि कम्पनी ऐन २०६३ को दफा ७४ र बैंकको नियमावलीको नियम १९ अनुसार यस बैंकको सञ्चालक समितिका अध्यक्ष श्री भोजबहादुर शाहज्यूलाई बाह्रौं वार्षिक साधारण सभाको सभापतित्व गरिदिनु हुन कम्पनी सचिवले आग्रह गर्नुभयो र सञ्चालक समितिका अध्यक्षज्यूले सभाको सभापतित्व गर्नुभयो ।

**८. सभाको उद्घाटन र सभा सञ्चालन:**

बैंक सञ्चालक समितिका अध्यक्षले बैंकको बाह्रौं वार्षिक साधारणसभाको सभापतित्व ग्रहण गरेपछि कार्यतालिका अनुसार कम्पनी सचिवको अनुरोधमा अध्यक्ष तथा कार्यक्रमका सभापति श्री भोजबहादुर शाहज्यूले पानसमा बत्ती बालेर सभाको समुद्घाटन गर्नु भयो । उद्घाटन सँगसगै साधारण शेयरधनी श्री कृष्ण प्रसाद अधिकारी कश्यपले स्वस्ती वाचन गर्नुभयो र सभाको समुद्घाटन तथा स्वस्ती वाचन पछि सभापतिज्यूको निर्देशानुसार कम्पनी सचिवले सभा सञ्चालन गर्नु भयो ।

**९. सञ्चालक समितिको वार्षिक प्रतिवेदन प्रस्तुती:**

९.१.मेगा बैंक नेपाल लिमिटेडको तेह्र वर्ष यात्रा र मध्यम तथा न्यून वर्गका जनताहरुको आर्थिक तथा सामाजिक स्तर उकास्नको लागी यस बैंकले खेलेको भूमिकाको बारेमा बैंकका कायम मुकायम प्रमुख कार्यकारी अधिकृत श्री रविना देशराज श्रेष्ठले प्रस्तुती सहित विस्तृत रुपमा प्रकाश पार्नु भयो ।

९.२.सभाको काम कारवाहीलाई अगाडि बढाउने क्रममा सभाका सभापतिज्यूले आफ्नो मन्तव्य सहित सञ्चालक समितिको बाह्रौं वार्षिक प्रतिवेदन सभा समक्ष पढेर सुनाउनु भयो ।

९.३.सभाका सभापतिज्यूले सञ्चालक समितिको बाह्रौं वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको २०७९ आषाढ मसान्तको एकीकृत वासलात तथा सोही मितिमा समाप्त आ.व.२०७८/०७९ को एकीकृत नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरण (सहायक कम्पनी मेगा क्यापीटल मार्केटस् लिमिटेड समेतको) लगायत अन्य वित्तीय विवरणहरु माथि छलफल गरी पारित गर्नका लागि आ-आफ्नो विचार, जिज्ञासा, मन्तव्य, सुझाव एवं प्रश्न राख्न तथा छलफल गर्न इच्छुक शेयरधनी महानुभावहरूलाई आह्वान गर्नुभयो ।

**१०. छलफलमा सहभागी हुनु हुने शेयरधनी महानुभावहरू:**

छलफलका लागि सभापतिज्यूले आह्वान गर्नु भए अनुसार सभामा शेयरधनी महानुभावहरूले आ-आफ्नो मन्तव्य, जिज्ञासा एवं सुझाव राख्न आ-आफ्नो नाम दिनु भयो र १५ जना शेयरधनी महानुभावहरुले क्रमश: आ-आफ्नो राय तथा सुझावहरु राख्नु भयो । उहाँहरुका राय/सुझावहरु तथा सो माथि बैंक व्यवस्थापन तथा संचालक समितिका अध्यक्षज्यूको तर्फबाट गरिएको सम्बोधनलाई यसै निर्णय पुस्तिकाको अनुसूची १ मा उल्लेख गरिएको छ ।

**११. प्रस्ताव तथा निर्णय :**

सभामा उठेका प्रश्नहरुको जवाफ दिने क्रम सकिएपछि सभापतिज्यूले छलफलको विषयसूचीमा उल्लेखित प्रस्तावहरु सभाद्वारा पारित गर्नको लागि प्रस्तुत गर्नु भएकोमा देहायका प्रस्तावहरुमा देहाय अनुसार निर्णय भयो ।

<u>क) सामान्य प्रस्ताव :</u>

**१.अध्यक्षज्यूको मन्तव्य सहित सञ्चालक समितिको वार्षिक प्रतिवेदन २०७८/०७९ पारित गर्ने ।**

अध्यक्षज्यूको मन्तव्य सहित सञ्चालक समितिको वार्षिक प्रतिवेदन २०७८/०७९ पारित गरियोस् भनी सभापतिज्यूबाट प्रस्तुत हुंदा सभामा उपस्थित शेयरधनीहरूबाट उक्त प्रस्ताव सर्वसम्मतीबाट पारित भयो ।

**२. मेगा बैंक नेपाल लिमिटेडको आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षकको प्रतिवेदन सहित बैंकको मिति २०७९ आषाढ ३२ गतेको एकिकृत वित्तीय अवस्थाको विवरण (वासलात), मिति २०७८ श्रावण १ गते देखि मिति २०७९ आषाढ ३२ गते सम्मको एकिकृत नाफा नोक्सानको विवरण, एकिकृत अन्य विस्तृत आम्दानीको विवरण, एकिकृत नगद प्रवाह विवरण, एकिकृत इक्विटीमा भएको परिवर्तनको विवरण, प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु, वित्तीय विवरणको अनुसूचिहरु र उद्घोषण तथा अतिरिक्त विवरणहरु सहितको लेखापरीक्षण**

**गरिएको आर्थिक वर्ष २०७८/७९ को वार्षिक वित्तीय विवरणहरु (सहायक कम्पनी मेगा क्यापिटल मार्केट्स लिमिटेड समेतको) उपर छलफल गरी पारित गर्ने ।**

मेगा बैंक नेपाल लिमिटेडको आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षकको प्रतिवेदन सहित बैंकको मिति २०७९ आषाढ ३२ गतेको एकिकृत वित्तीय अवस्थाको विवरण (वासलात), मिति २०७८ श्रावण १ गते देखि मिति २०७९ आषाढ ३२ गते सम्मको एकिकृत नाफा नोक्सानको विवरण, एकिकृत अन्य विस्तृत आम्दानीको विवरण, एकिकृत नगद प्रवाह विवरण, एकिकृत इक्विटीमा भएको परिवर्तनको विवरण, प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु, वित्तीय विवरणको अनुसूचिहरु र उद्घोषण तथा अतिरिक्त विवरणहरु सहितको लेखापरीक्षण गरिएको आर्थिक वर्ष २०७८/७९ को वार्षिक वित्तीय विवरणहरु (सहायक कम्पनी मेगा क्यापिटल मार्केट्स लिमिटेड समेतको) पारित गरियोस् भनी सभापतिज्यूबाट प्रस्ताव प्रस्तुत हुँदा सभामा उपस्थित शेयरधनीहरूबाट उक्त प्रस्ताव सर्वसम्मतीबाट पारित भयो ।

**३.नगद लाभांशका लागि नेपाल राष्ट्र बैंकबाट स्वीकृत भई आएको रकम रु. ६१,०२,४३,२८०।६६ (अक्षेरुपी एकसठ्ठी करोड दुई लाख त्रिचालिस हजार दुई सय असी रुपैया र छैसठ्ठी पैसा मात्र) बैंकको हाल कायम चुक्ता पूँजी रु.१६,१२,०४,६१,४५३/३६ ( अक्षेरुपी सोह्र अर्ब बाह्र करोड चार लाख एकसठ्ठी हजार चार सय त्रिपन्न रुपैया छत्तिस पैसा मात्र) को ३.७९% (राउनडिङ्गमा) ले हुन आउने नगद लाभांश स्वीकृत गर्ने ।**

नगद लाभांशका लागि नेपाल राष्ट्र बैंकबाट स्वीकृत भई आएको रकम रु. ६१,०२,४३,२८०।६६ (अक्षेरुपी एकसठ्ठी करोड दुई लाख त्रिचालिस हजार दुई सय असी रुपैया र छैसठ्ठी पैसा मात्र) बैंकको हाल कायम चुक्ता पूँजी रु.१६,१२,०४,६१,४५३/३६ ( अक्षेरुपी सोह्र अर्ब बाह्र करोड चार लाख एकसठ्ठी हजार चार सय त्रिपन्न रुपैया छत्तिस पैसा मात्र) को ३.७९% (राउनडिङ्गमा) ले हुन आउने नगद लाभांश स्वीकृत गरियोस भनी सभापतिज्यूबाट प्रस्ताव प्रस्तुत हुँदा सभामा उपस्थित शेयरधनीहरूबाट उक्त प्रस्ताव सर्वसम्मतीबाट पारित भयो ।

**४.कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७९/८० को लागि बैंकको लेखापरीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गर्ने (वर्तमान लेखापरिक्षक एन बि एस एम एण्ड एसोसिएट्स पुनः नियूक्तिको लागि योग्य रहेको) ।**

कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व.२०७९/८० (२०२२/२३) को लागि बैंकको लेखापरिक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा लेखा परीक्षण समितिको मिति २०७९ मंसिर २५ गते बसेको १३८औं बैठकको सिफारिशमा चार्टड एकाउण्टेन्टस् फर्म M/s NBSM & Associates लाई आ.व. २०७९/८० (२०२२/२३) को लागि वाह्य लेखा परीक्षण (Statutory Audit), Long Form Audit Report (LFAR) को लागि भ्याट वाहेक रु.८,१०,०००/-,कर लेखापरिक्षणको लागि रु.५५,०००।- पारिश्रमिकका साथै, कम्पनी ऐन २०६३ को दफा ७८ को प्रमाणिकरणका लागि रु. ५५,०००।-र लेखा परिक्षणसँग सम्बन्धित अन्य सबै कामको लागि (Out of poket expenses- including local conveyance, out station travelling expenses, Lodging, fooding,air fare & Others) समेतको लागि भ्याट वाहेक रु.२२०,०००/- समेत गरी भ्याट वाहेक जम्मा रु. ११,४०,०००।-(एघार लाख चालिस हजार मात्र) पारिश्रमिक तथा शुल्क प्रदान गर्ने गरी चार्टड एकाउण्टेन्टस् फर्म M/s NBSM & Associates लाई बैंकको वाहय लेखा परीक्षक नियुक्त गर्ने प्रस्ताव पारित गरियोस भनी भनी सभापतिज्यूबाट प्रस्ताव प्रस्तुत हुँदा सभामा उपस्थित शेयरधनीहरूबाट उक्त प्रस्ताव सर्वसम्मतीबाट पारित भयो ।

**५.सञ्चालकहरुको कार्यकाल मिति २०७९/०३/३० गते सम्म रहेकोमा नेपाल राष्ट्र बैंकको स्वीकृती वमोजिम प्रचलित ऐन नियम तथा बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने (मर्जर) तथा प्राप्ती (एक्विजेसन) सम्बन्धी नियमावली २०७३ को अधिनमा रहि संचालकहरुको कार्य अवधि गाभिएर वा प्राप्ति एक्विजिसन पश्चात् प्रचलित कानुन वमोजिम पुनः निर्वाचन नभए सम्म अवधिको लागि थप गर्न स्वीकृत प्रदान गरिएकोले उक्त विषय अनुमोदन गर्ने ।**

कम्पनी सचिव

सञ्चालकहरुको कार्यकाल मिति २०७९/०३/३० गते सम्म रहेकोमा नेपाल राष्ट्र बैंकको स्वीकृती वमोजिम प्रचलित ऐन नियम तथा बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने (मर्जर) तथा प्राप्ती (एक्विजेसन) सम्बन्धी नियमावली २०७३ को अधिनमा रहि संचालकहरुको कार्य अवधि गाभिएर वा प्राप्ति एक्विजिसन पश्चात् प्रचलित कानुन वमोजिम पुनः निर्वाचन नभए सम्म अवधिको लागि थप गर्न स्वीकृत प्रदान गरिएकोले उक्त विषय अनुमोदन गर्ने प्रस्ताव पारित गरियोस भनी भनी सभापतिज्यूबाट प्रस्ताव प्रस्तुत हुँदा सभामा उपस्थित शेयरधनीहरूबाट उक्त प्रस्ताव सर्वसम्मतीबाट पारित भयो ।

**ख) विशेष प्रस्ताव**

**१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पुँजी रु.१६,१२,०४,६१,४५३/३६ ( अक्षेरुपी सोह्र अर्व बाह्र करोड चार लाख एकसठ्ठी हजार चार सय त्रिपन्न रुपैया छत्तिस पैसा मात्र) को ४.००% प्रतिशतले हुन आउने रकम रु. ६४,४८,१८,४५८।१३ (अक्षेरुपी चौसठ्ठी करोड अड्चालिस लाख अठार हजार चार सय अन्ठाउन्न रुपैया तेह्र पैसा मात्र ) बोनस शेयर जारी गर्न स्वीकृती प्रदान गर्ने र बोनस शेयर जारी गरे पश्चात कायम हुने भिन्न अंक (Fraction) लाई भविष्यमा समायोजन गर्ने गरी यथावत राख्ने ।**

सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पुँजी रु.१६,१२,०४,६१,४५३/३६ ( अक्षेरुपी सोह्र अर्व बाह्र करोड चार लाख एकसठ्ठी हजार चार सय त्रिपन्न रुपैया छत्तिस पैसा मात्र) को ४.००% प्रतिशतले हुन आउने रकम रु. ६४,४८,१८,४५८।१३ (अक्षेरुपी चौसठ्ठी करोड अड्चालिस लाख अठार हजार चार सय अन्ठाउन्न रुपैया तेह्र पैसा मात्र ) बोनस शेयर जारी गर्न स्वीकृती प्रदान गर्ने र बोनस शेयर जारी गरे पश्चात कायम हुने भिन्न अंक (Fraction) लाई भविष्यमा समायोजन गर्ने गरी यथावत राख्ने सम्बन्धी विशेष प्रस्ताव पारित गरियोस भनी सभापतिज्यूबाट प्रस्ताव प्रस्तुत हुँदा सभामा उपस्थित शेयरधनीहरूबाट उक्त प्रस्ताव सर्वसम्मतीबाट पारित भयो ।

**२. मेगा बैंक नेपाल लिमिटेड र नेपाल ईन्भेष्टमेन्ट बैंक लिमिटेड एक आपसमा गाभ्ने/गाभिने ( मर्जर ) प्रयोजनको लागि मुल्यांकनकर्ता PKF TR Upadhya & Co. बाट प्राप्त दुबै संस्थाको सम्पत्ति, दायित्व तथा कारोबारको मुल्यांकन प्रतिवेदन (Due Diligence Audit Report) तथा अन्य सम्बद्ध व्यवस्था समेतका आधारमा संयुक्त मर्जर समितिको सिफारीसमा यस बैंकको सञ्चालक समितिले स्वीकृत गरे बमोजिम यस मेगा बैंक नेपाल लिमिटेडको १०० कित्ता शेयर बराबर यस बैंकका शेयरधनीहरुलाई मर्जर पछि बन्ने बैंकको ९० कित्ता शेयर प्राप्त हुने गरी शेयर आदान प्रदान अनुपात (१००:९०) मा एक आपसमा गाभ्ने/गाभिने (मर्जर) कार्यलाई अन्तिम स्वीकृती प्रदान गर्न विशेष प्रस्ताव पारित गर्ने ।**

मेगा बैंक नेपाल लिमिटेड र नेपाल ईन्भेष्टमेन्ट बैंक लिमिटेड एक आपसमा गाभ्ने/गाभिने ( मर्जर ) प्रयोजनको लागि मुल्यांकनकर्ता PKF TR Upadhya & Co. बाट प्राप्त दुबै संस्थाको सम्पत्ति, दायित्व तथा कारोबारको मुल्यांकन प्रतिवेदन (Due Diligence Audit Report) तथा अन्य सम्बद्ध व्यवस्था समेतका आधारमा संयूक्त मर्जर समितिको सिफारिसमा यस बैंकको सञ्चालक समितिले स्वीकृत गरे बमोजिम यस मेगा बैंक नेपाल लिमिटेडको १०० कित्ता शेयर बराबर यस बैंकका शेयरधनीहरुलाई मर्जर पछि बन्ने बैंकको ९० कित्ता शेयर प्राप्त हुने गरी शेयर आदान प्रदान अनुपात (१००:९०) मा एक आपसमा गाभ्ने/गाभिने (मर्जर) कार्यलाई अन्तिम स्वीकृती प्रदान गर्न विशेष प्रस्ताव पारित गरियोस भनी सभापतिज्यूबाट प्रस्ताव प्रस्तुत हुँदा सभामा उपस्थित शेयरधनीहरूबाट उक्त प्रस्ताव सर्वसम्मतीबाट पारित भयो ।

**३. मेगा बैंक नेपाल लिमिटेड र नेपाल ईन्भेष्टमेन्ट बैंक लिमिटेड एक आपसमा गाभ्ने /गाभिने ( मर्जर ) सम्बन्धमा भएको सम्पत्ति तथा दायित्वको मुल्यांकनकर्ताको नियुक्ति र निजलाई भुक्तानी गरिएको पारिश्रमीक, सम्पत्ति, दायित्व तथा कारोबारको मुल्यांकन प्रतिवेदन (Due Diligence of Audit Report), समझदारीपत्र (Memorandum of Understanding), तथा अन्तिम सम्झौता पत्र (Final Scheme of Arrangement) लगायतका सम्पूर्ण काम कारबाहीहरुलाई अनुमोदन गर्ने ।**

मेगा बैंक नेपाल लिमिटेड र नेपाल ईन्भेष्टमेन्ट बैंक लिमिटेड एक आपसमा गाभ्ने गाभिने ( मर्जर ) सम्बन्धमा भएको सम्पत्ति तथा दायित्वको मुल्यांकनकर्ताको नियुक्ति र निजलाई भुक्तानी गरिएको पारिश्रमिक, सम्पत्ति, दायित्व तथा कारोबारको मुल्यांकन प्रतिवेदन (Due Diligence of Audit Report), समझदारीपत्र (Memorandum of Understanding), तथा अन्तिम सम्झौता पत्र (Final Scheme of Arrangement) लगायतका सम्पूर्ण काम कारबाहीहरुलाई अनुमोदन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गरियोस भनी सभापतिज्यूबाट प्रस्ताव प्रस्तुत हुँदा सभामा उपस्थित शेयरधनीहरूबाट उक्त प्रस्ताव सर्वसम्मतीबाट पारित भयो ।

**४.विशेष प्रस्ताव १ बमोजिम बोनस शेयर जारी गरे पश्चात बैंकको पूँजी बृद्धि हुने भएकोले सोही बमोजिम बैंकको प्रबन्धपत्र/ नियमावली संशोधनको प्रस्तावलाई स्वीकृति प्रदान गर्ने ।**

बैंकको आ.व.२०७८/७९ को मुनाफाबाट शेयरधनीहरुलाई बोनस शेयर प्रदान गर्ने प्रस्ताव अनुसार बैंकको अधिकृत,जारी र चुक्ता पूँजी बृद्धि भई पूँजीगत संरचनामा संशोधन गर्नुपर्ने भएको हुँदा बैंकको प्रबन्धपत्रको दफा ६ को (ख) र (ग) मा संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गरियोस भनी सभापतिज्यूबाट प्रस्ताव प्रस्तुत हुँदा सभामा उपस्थित शेयरधनीहरूबाट उक्त प्रस्ताव सर्वसम्मतीबाट पारित भयो । सो प्रस्ताव पारित भएपछि बैंकको प्रबन्धपत्रको दफा दफा ६ को (ख) र (ग) मा देहाय बमोजिम हुनेछन् ।

<u>दफा ६ उपदफा (ख)</u> : बैंकको जारी पुंजी १६,७६,५२,७९,९११.४९ (सोह्र अर्व छेहत्तर करोड वाउन्न लाख उनासी हजार नौ सय एघार रुपैया उनन्पचास पैसा ) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००।- दरको १६,७६,५२,७९९।११ (सोह्र करोड छेहत्तर लाख वाउन्न हजार सात सय उनान्सय दशमलव एघार) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

<u>दफा ६ उपदफा (ग)</u> : बैंकको चुक्ता पुंजी रु. १६,७६,५२,७९,९११.४९ (सोह्र अर्व छेहत्तर करोड वाउन्न लाख उनासी हजार नौ सय एघार रुपैया उनन्पचास पैसा ) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००।- दरको १६,७६,५२,७९९।११ (सोह्र करोड छेहत्तर लाख वाउन्न हजार सात सय उनान्सय दशमलव एघार) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

**५.मेगा बैंक नेपाल लिमिटेड र नेपाल ईन्भेष्टमेन्ट बैंक लिमिटेड एक आपसमा गाभ्ने/ गाभिने ( मर्जर ) गर्ने प्रक्रियामा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, धितोपत्र बोर्ड लगायतका नियमनकारी निकायहरुबाट स्वीकृति लिने/अभिलेख गर्ने क्रममा भए गरेका काम कारवाही वा पुँजी संरचना वा प्रबन्धपत्र नियमावलीको संशोधनको सम्बन्धमा नियमनकारी निकायहरुबाट संशोधन, परिमार्जन तथा थपघट गर्न कुनै निर्देशन प्राप्त भएमा प्राप्त निर्देशन बमोजिम मिलाई संशोधन वा परिमार्जन समेतका सम्पूर्ण कार्यहरु गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।**

मेगा बैंक नेपाल लिमिटेड र नेपाल ईन्भेष्टमेन्ट बैंक लिमिटेड एक आपसमा गाभ्ने /गाभिने ( मर्जर ) गर्ने प्रक्रियामा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, धितोपत्र बोर्ड लगायतका नियमनकारी निकायहरुबाट स्वीकृति लिने/अभिलेख गर्ने क्रममा भए गरेका काम कारवाही वा पुँजी संरचना वा प्रबन्धपत्र नियमावलीको संशोधनको सम्बन्धमा नियमनकारी निकायहरुबाट संशोधन, परिमार्जन तथा थपघट गर्न कुनै निर्देशन प्राप्त भएमा प्राप्त निर्देशन बमोजिम मिलाई संशोधन वा परिमार्जन समेतका सम्पूर्ण कार्यहरु गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धि विशेष प्रस्ताव पारित गरियोस भनी सभापतिज्यूबाट प्रस्ताव प्रस्तुत हुँदा सभामा उपस्थित शेयरधनीहरूबाट उक्त प्रस्ताव सर्वसम्मतीबाट पारित भयो ।

**ग. विविध** : विविध अन्तर्गत छलफलको लागि कुनै प्रस्ताव नभएको सभापतिज्यूले जानकारी गराउनु भयो ।

**१२. धन्यवाद ज्ञापन :**

कम्पनी सचिव

सभामा प्रस्तुत गरिएका सम्पूर्ण प्रस्तावहरु पारित भएपछि सभापतिज्यूले बैंकको बाह्रौं वार्षिक साधारण सभामा सहभागी हुनु भई सभा सुचारु रूपले सञ्चालन गर्न र सफल पार्न सहयोग गर्नु भएकोमा सबै शेयरधनी महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्नुभयो । बैंकको बाह्रौं वार्षिक साधारण सभालाई सफल बनाउन सहयोग पुऱ्याउनु हुने का.मु.प्रमुख कार्यकारी अधिकृत श्री रविना देशराज श्रेष्ठ, वरिष्ठ नायव महाप्रवन्धक तथा कम्पनी सचिव श्री तुल्सीराम पोखरेल, बैंकको उच्च व्यवस्थापनका पदाधिकारीहरु, कानून विभाग प्रमुख श्री प्रविन पौडेल प्रवन्धकहरु श्री निर्मल श्रेष्ठ, श्री अनिल देव पाण्डे, श्री शकर पोखरेल, श्री शिव बहादुर कार्की, श्री जिवन सिंह गुरुङ कर्मचारीहरु श्री रोशन श्रेष्ठ, श्री प्रग्लभ न्यौपाने, श्री चन्द्र कान्त न्यौपाने, श्री दिनेश ठाकुर, श्री प्रमित गुर्धामी, श्री सन्तोष ज्ञवाली, श्री सुमन कार्की, प्रोक्सी सँकलनमा सहभागी कर्मचारीहरु लगायत सम्पूर्ण कर्मचारीहरु र बैंकका विभिन्न विभागबाट प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा साधारण सभा सम्पन्न गर्नका लागि विशेष सहयोग पुऱ्याउनु हुने कर्मचारीहरु लगायत नियामक निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लि., सिडिएस एण्ड क्लियरिङ लि., मेगा क्यापिटल मार्केट्स लि., सुरक्षा निकायका सुरक्षाकर्मीहरु, विभिन्न संघसंस्थावाट पाल्नु भएका प्रतिनिधि, यस बैंकको वाह्य लेखापरीक्षक एन.वि.एसएम एण्ड एसोसिएट्सलाई विशेष धन्यवाद दिनु भयो ।

**१३. सभा बिसर्जन:**

अन्त्यमा सम्पूर्ण कार्यक्रमको समापन पश्चात् अपरान्ह २:३० बजे सभापतिज्यूले सभा बिसर्जन भएको घोषणा गर्नुभयो ।

MEGA
BANK NEPAL LIMITED
मेगा बैंक नेपाल लिमिटेड

तुल्सीराम पोखरेल
कम्पनी सचिव

कम्पनी सचिव

भोजबहादुर शाह
सभापति